किसान बहुउद्देश्यीय सहकारी संस्था लि. द्वारा प्रकाशित

# किसान दर्पण

वर्ष १ अक ३, बैशाख - आषाढ

३१ औ

विश्वासिलो सेवाको ३० औं वर्ष पुरा

समृद्धिका लागि समुदाय संग संगै

Kisan-Coop












# सहकार्य, समृद्धि र साझा प्रतिबद्धता

३० वर्षको गौरवपूर्ण यात्रा पूरा गर्दै ३१ औं वर्षको अन्तसम्म आईपुग्दा हाम्रो संस्था विश्वास, समर्पण, सुशासन र सामूहिक प्रयासको सशक्त उदाहरणका रूपमा स्थापित भएको छ । यस ऐतिहासिक यात्राका क्रममा आज हामीबीच भौतिक रूपमा रहनु नभएका आदरणीय अभिभावक, शुभेच्छुक तथा अग्रज व्यक्तित्वहरूको मार्गदर्शन, त्याग र योगदानप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।  उहांहरूले रोप्नुभएको विश्वास र मूल्यको जगमै आज हाम्रो संस्थाले निरन्तर प्रगतिको नयां इतिहास लेखिरहेको छ ।

यस अवसरमा संस्थाको स्थापना कालदेखि आजसम्म आफ्नो श्रम, समय, पसिना र विश्वास समर्पण गर्दै संस्थालाई आजको उचाइमा पुऱ्याउनुहुने सम्पूर्ण शेयर सदस्यज्यूहरू, सञ्चालक, लेखा सुपरिवेक्षण समिति, कर्मचारी, सल्लाहकार तथा शुभेच्छुकहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं । यहांहरूको साथ, सहयोग र विश्वास नै हाम्रो सफलताको मुख्य आधार हो । वर्तमान समयमा सहकारी क्षेत्रप्रति जनविश्वासमा केही चुनौती देखिए पनि हाम्रो संस्थाले सुशासन, पारदर्शिता र सदस्य-केन्द्रित सेवामार्फत विश्वासलाई अझ मजबुत बनाउंदै आएको छ । हाम्रो सफलता केवल वित्तीय सूचकाङ्कमा होइन, सदस्यहरूको जीवनमा आएको सकारात्मक परिवर्तनमा प्रतिबिम्बित भएको छ । परम्परागत बचत तथा ऋण सेवासंगै उद्यमशीलता, नवप्रवर्तन, कृषि आधुनिकीकरण, वातावरण संरक्षण तथा सामाजिक उत्तरदायित्वलाई संस्थाले प्राथमिकतामा राख्दै पढ्दै कमाउंदै, हरित क्रान्ति अभियान, वातावरणमैत्री गाउं विकास कार्ययोजना तथा जन्मदेखि मृत्युसम्म सदस्य सुरक्षण कार्यक्रम जस्ता अभियानहरू प्रभावकारी रूपमा सञ्चालन गर्दै आएको छ । यी कार्यक्रमहरूले संस्थालाई वित्तीय सेवाप्रदायक मात्र नभई समुदायको समृद्धिको सहयात्रीका रूपमा स्थापित गरेका छन् ।

बुलेटिनको यो ३ अंक मार्फत विभिन्न शाखाहरूका गतिविधि, उपलब्धि, नवप्रयोग र उत्कृष्ट अभ्यासहरूलाई सकेसम्म समेट्ने प्रयास गरेका छौं । स्थान र सामग्रीको सीमितताका कारण समावेश हुन नसकेका विषयहरू आगामी अंकहरूमा प्रकाशित गरिनेछन् । त्यसैले सम्पूर्ण शाखाहरूलाई आफ्नो शाखाका गतिविधि, सफलता, नीति तथा अनुपालनसम्बन्धी अभ्यास, प्रेरणादायी समाचार र प्रकाशन योग्य सामग्री समयमै नीति तथा अनुपालन विभागमा पठाइदिन हार्दिक अनुरोध गर्दछौं । संस्थाको समृद्धि, सदस्यहरूको उन्नति र सहकारी अभियानको सुदृढीकरणप्रति सबैको साझा प्रतिबद्धता अझ सशक्त बन्दै जाओस् भन्ने शुभकामनासहित बुलेटिनको यो तेस्रो अंक यहांहरूमाझ प्रस्तुत गरेका छौं । यहांहरूको निरन्तर विश्वास, सुझाव, सहभागिता र सहयोगप्रति  हार्दिक कृतज्ञता प्रकट गर्न चाहान्छौं ।

| यस भित्र: | |
|---|---|
| गतिविधी: | संस्थाका विभिन्न गतिविधीहरु : |
| सृजना : | उदाउँदा उद्यमीहरुको प्रेरणादायी कथाहरु : |

लेख रचना पठाउने ठेगाना : info@kisancoop.com

संरक्षक :
डम्बर बहादुर शाह
सम्पादन तथा संयोजन :
निती तथा अनुपालन विभाग, केन्द्रिय कार्यालय

सर्वाधिकार © info@kisancoop.com

# हार्दिक शुभकामना



आर्थिक वर्ष २०८२/८३ का लागि निर्धारित संस्थागत लक्ष्य, योजना तथा जिम्मेवारीहरू सफलतापूर्वक पूरा गर्न यहांहरूले देखाउनुभएको मेहनत, समर्पण, अनुशासन, आपसी सहकार्य र संस्थाप्रतिको अटल प्रतिबद्धताको म उच्च सम्मान गर्दछु । प्राप्त उपलब्धिहरू कुनै एक व्यक्ति, शाखा वा विभागको मात्र नभई सम्पूर्ण कर्मचारी परिवारको सामूहिक प्रयास, सकारात्मक सोच र निरन्तर कर्मशीलताको परिणाम हुन् ।

संस्थाको प्रगति र सदस्यहरूको विश्वासलाई अझ सुदृढ बनाउन आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्नुहुने सम्पूर्ण शाखा प्रमुख, विभागीय प्रमुख, अनुगमन टोली, शाखाका कर्मचारी मित्रहरू तथा केन्द्रीय कार्यालयका सम्पूर्ण कर्मचारीहरूप्रति म हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछु । यहांहरूको अथक परिश्रम, व्यावसायिक दक्षता र संस्थाप्रतिको समर्पणले नै संस्थालाई आजको सफल स्थानमा स्थापित गरेको छ । हामीले चुनौती र अवसर दुवैलाई आत्मसात् गर्दै अर्को महत्वपूर्ण चरण सफलतापूर्वक पार गरेका छौं । अब यसै अनुभव, सिकाइ र सफलतालाई आधार बनाएर आगामी आर्थिक वर्ष २०८३/८४ मा संस्थाका रणनीतिक लक्ष्यहरू अझ प्रभावकारी रूपमा हासिल गर्दै उत्कृष्ट सेवा, सुशासन, नवप्रवर्तन र सदस्य सन्तुष्टिलाई नयां उचाइमा पुऱ्याउने जिम्मेवारी हामी सबैको साझा दायित्व हो । मलाई पूर्ण विश्वास छ कि यही एकता, सकारात्मक सोच, अनुशासन, उत्तरदायित्व र उत्कृष्ट कार्यसम्पादनको निरन्तरताले हाम्रो संस्थालाई अझ सबल, विश्वसनीय र अग्रणी संस्थाका रूपमा स्थापित गर्नेछ । आगामी दिनहरूमा पनि यहांहरूको सक्रिय सहभागिता, सिर्जनशीलता, व्यावसायिकता र निरन्तर सहयोगको अपेक्षा गर्दछु । आउनुहोस्, हामी सबै एकजुट भई संस्थाका साझा लक्ष्यहरू प्राप्त गर्दै सदस्य, संस्था र समुदायको समृद्धिका लागि अझ समर्पित भएर अघि बढौं ।

यसर्थ संस्थाको उन्नति, प्रगति तथा दिगो विकासका लागि निरन्तर समर्पित सम्पूर्ण श्रद्धेय सञ्चालक समिति, सुपरिवेक्षण समिति, विभिन्न उपसमितिका सदस्यहरू, कर्मचारी परिवार, शेयर सदस्यहरू, शुभेच्छुकहरू तथा प्रत्यक्ष–अप्रत्यक्ष रूपमा संस्थालाई साथ, सहयोग र योगदान पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दै आगामी दिनहरूमा पनि यही एकता, प्रतिबद्धता र सहकार्यलाई अझ सुदृढ बनाउंदै संस्थालाई नयां उचाइमा पुऱ्याउन सबैको निरन्तर साथ, सहयोग र मार्गदर्शन प्राप्त भइरहने विश्वासका साथ सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**डम्बर बहादुर शाह**

**(महाप्रबधक)**

# संस्थामा कर्मचारी क्षमता अभिवृद्धि कार्यशाला २०८३

संस्थाको कार्यक्षमता अभिवृद्धि र व्यावसायिक जनशक्ति निर्माण गर्ने उद्देश्यका साथ आयोजित कर्मचारी क्षमता अभिवृद्धि तालिम तथा कार्यशाला २०८३ भव्यताका साथ सम्पन्न भएको छ। लम्कीस्थित संस्थाको




केन्द्रीय कार्यालयको सभाहलमा आयोजित उक्त तालिमले कर्मचारीहरूमा नयां ऊर्जा र व्यावसायिक आत्मविश्वास थपेको छ। बैशाख २ गतेबाट सुरु भई १८ गतेसम्म सञ्चालन गरिएको यस कार्यक्रमलाई विभिन्न चरणमा विभाजन गरिएको थियो । तालिमको पहिलो चरणमा बैशाख २ देखि ९ गतेसम्म वित्तीय क्षेत्रका कर्मचारीहरूका लागि विभागीय प्रमुखको विशेष सत्र सञ्चालन गरिएको थियो भने उत्प्रेरणा (Motivation) र इसेवा (eSewa) सम्बन्धी विषयमा बाह्य विशेषज्ञबाट प्रशिक्षण दिइएको थियो।



त्यसैगरी, बैशाख ११ गते बजार र कृषि विभागका कर्मचारीहरूका लागि बाह्य प्रशिक्षकबाट विषयगत तालिम प्रदान गरियो भने, १८ गते कार्यालय सहयोगी तथा सहायक कर्मचारीहरूका लागि विशेष एक्सटर्नल मोटिभेसन सत्र सञ्चालन गरिएको थियो। उक्त सत्रमा बाह्य प्रशिक्षकले कार्यालय सहयोगीहरूलाई उत्प्रेरणा, कामप्रतिको लगाव (Job Love) र सन्तुष्टि (Satisfaction) का विषयमा व्यावहारिक ज्ञान प्रदान गर्नुभएको थियो। कार्यसम्पादन मूल्यांकनमा देखिएका कमी-कमजोरीहरूलाई सुधार गर्दै संस्थागत लक्ष्य प्राप्तिमा कर्मचारीको भूमिकालाई थप चुस्त र प्रभावकारी बनाउनु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको थियो।

संस्थाका सञ्चालक समिति अध्यक्षज्यूको प्रमुख आतिथ्यमा भव्यताका साथ उद्घाटन गरिएको उक्त कार्यक्रमको समापन संस्थाका महा–प्रबन्धक (CEO) ज्यूले गर्नुभएको थियो। समापन समारोहलाई सम्बोधन गर्दै प्रमुख कार्यकारी अधिकृतले तालिममा सिकेका ज्ञान र सीपलाई दैनिक कार्यसम्पादनमा लागू गर्न र संस्थाको सेवा प्रवाहलाई थप गुणस्तरीय बनाउन कर्मचारीहरूलाई विशेष आग्रह गर्नुभयो । सहभागी कर्मचारीहरूले यस प्रकारको तालिमले कार्यस्थलमा थप सकारात्मक ऊर्जा र सन्तुष्टि प्रदान गरेको




प्रतिक्रिया दिएका छन् ।



# Refereshment Workshop-2083




मिति: २०८३ बैशाख ६ र ७ गते

# Refereshment Workshop-2083




मिति: २०८३ बैशाख ८ र ९ गते

# संस्थाको रणनीतिक योजना र बजेट बर्दियामा

संस्थाले आगामी आर्थिक वर्षको रणनीतिक योजना र बजेट तर्जुमा गर्ने मुख्य उद्देश्यका साथ बर्दियाको टाइगर टपमा दुई दिने विशेष बैठक सम्पन्न गरेको छ। आगामी व्यावसायिक दिशा र कार्ययोजना तय गर्न २० र २१ गते आयोजित उक्त बैठकमा कम्पनीका सञ्चालक समितिका पदाधिकारीहरू, सम्पूर्ण विभागीय प्रमुखहरू, इलाका प्रमुखहरू र देशभरका शाखा प्रबन्धकहरूको सहभागिता रहेको थियो।



**रणनीतिक योजना र बजेट तर्जुमामा जोड**

यस बैठकको मुख्य एजेन्डा आगामी वर्षका लागि कम्पनीको रणनीतिक योजना (Strategic Plan) र बजेट तर्जुमा (Budget Formulation) को प्रक्रियालाई व्यवस्थित गर्नु रहेको थियो। सहभागीहरूले बदलिंदो व्यावसायिक परिवेशमा संस्थालाई थप प्रतिस्पर्धी र सेवाग्राहीमैत्री बनाउने विषयमा गहन छलफल गरेका थिए। बैठकमा आगामी दिनमा संस्थालाई कसरी अगाडि लैजाने भन्ने सम्बन्धमा विशेष कार्ययोजना (Strategic Plan) तयार पारिएको छ।

बैठकका मुख्य उपलब्धिहरू:

- ✓ रणनीतिक कार्यदिशा: आगामी वर्षमा संस्थाले हासिल गर्ने लक्ष्य, बजार विस्तार र कार्यसम्पादनमा उत्कृष्टता ल्याउने रणनीतिक खाका तयार पारिएको छ।
- ✓ बजेट व्यवस्थापन: कार्यक्षमता बढाउन र स्रोतको सही परिचालन गर्ने उद्देश्यले आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमा र बांडफांडमा विशेष ध्यान दिइएको छ।
- ✓ सिटिजन इन्स्योरेन्सको कार्यप्रणाली: बैठकका क्रममा सिटिजन इन्स्योरेन्सको कार्यप्रणालीका बारेमा समेत विस्तृत छलफल तथा समीक्षा गरिएको थियो।
- ✓ उत्कृष्ट कर्मचारी सम्मान: यस रणनीतिक यात्रामा उत्कृष्ट कार्यसम्पादन गर्ने विभिन्न शाखाका प्रबन्धक तथा कर्मचारीहरूलाई सोही अवसरमा विशेष पुरस्कार र सम्मानद्वारा हौसला प्रदान गरिएको थियो।

कार्यक्रमको समापन गर्दै संस्थाका उच्च नेतृत्वले सहभागीहरूलाई बैठकमा तयार पारिएको रणनीतिक योजना र बजेटको मर्मअनुसार पूर्ण इमानदारीका साथ कार्यान्वयनमा जुट्न निर्देशन दिनुभयो । यस बैठकले तय गरेको मार्गचित्रले आगामी दिनमा संस्थालाई थप उचाइमा पुऱ्याउने विश्वास लिइएको छ ।



## सहारा नेपाल र किसान बहुउद्देश्यीय सहकारीबीच अन्तरक्रिया

किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको केन्द्रीय कार्यालय, लम्कीमा सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड, झापाका पदाधिकारीहरूसंग विशेष अवलोकन भ्रमण, आपसी छलफल तथा शुभकामना आदान–प्रदान कार्यक्रम सम्पन्न भएको छ ।



संस्थाका उपाध्यक्ष श्री टिकेन्द्र बहादुर थापाको अध्यक्षता तथा सहारा नेपालका कार्यवाहक अध्यक्ष श्री हरि प्रसाद निरौलाको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा दुवै संस्थाका पदाधिकारी तथा महाप्रबन्धक श्री डम्बर बहादुर शाहसहितका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । सहकारी क्षेत्रको सबलीकरण, संस्थागत सहकार्य र अनुभव साटासाटमा केन्द्रित सो छलफल अत्यन्तै फलदायी र प्रेरणादायी रहेको थियो । यस प्रकारका भेटघाटले संस्थागत सम्बन्धलाई थप सुमधुर बनाउनुका साथै सहकारीको विकासमा नयां आयाम थप्ने विश्वास व्यक्त गरिएको छ ।



# डोला गाउं अब इको-भिलेज (Eco–Village) को रूपमा विकास हुंदै

डडेल्धुराको आलिताल गाउंपालिका-८, डोला गाउंलाई वातावरणमैत्री इको-भिलेज का रूपमा विकास गर्न किसान बहुउद्देश्यीय सहकारी संस्था र आलिताल गाउंपालिकाबीच ऐतिहासिक सम्झौता भएको छ।



धनगढीमा आयोजित एक विशेष कार्यक्रममा गाउंपालिकाका अध्यक्ष श्री शेर सिंह पार्की र सहकारीका महाप्रबन्धक श्री डम्बर बहादुर शाहले उक्त सम्झौतापत्रमा हस्ताक्षर गर्नुभयो। कार्यक्रममा सुदूरपश्चिम प्रदेश सरकारका मुख्यमन्त्रीका मुख्य स्वकीय सचिव श्री प्रयागराज खनाल, पूर्व प्रदेश सांसद श्रीमती कुन्ती जोशी, सहकारीका सञ्चालकद्वय सर्वश्री सरोज कुमार शाह र मनिराम न्यौपाने लगायतको गरिमामय उपस्थिति थियो।



यस पहलले डोला गाउंलाई दिगो कृषि, स्वच्छ ऊर्जा, वातावरण संरक्षण र स्थानीय स्रोतको कुशल परिचालनमार्फत एक नमुना हरित गाउं का रूपमा स्थापित गर्ने लक्ष्य लिएको छ। समृद्ध र वातावरणमैत्री डोला गाउं निर्माणको यो अभियानले स्थानीय समुदायको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने विश्वास लिइएको छ ।







# बिउ उत्पादनसम्बन्धी एकदिने घुम्ती तालिम सम्पन्न

मिति २०८३ जेठ ८ गते यस किसान बहुउद्देश्यीय सहकारी संस्थाको सहजीकरण तथा कृषि विकास फर्म,




सुन्दरपुरको आयोजनामा किसानहरूका लागि एकदिने बिउ उत्पादनसम्बन्धी घुम्ती तालिम सफलतापूर्वक सम्पन्न भएको छ ।

तालिम कार्यक्रममा संस्थाका महाप्रबन्धक श्री डम्बर बहादुर शाह र कृषि विकास फर्मका प्रमुख श्री बाशुदेव भट्टराईको विशेष उपस्थिति रहेको थियो । कार्यक्रममा सहभागी किसानहरूलाई



उन्नत बिउ उत्पादनका विधि, प्राविधिक ज्ञान र यसको व्यावसायिक सम्भावनाका बारेमा महत्त्वपूर्ण जानकारी प्रदान गरिएको थियो । कृषि क्षेत्रको प्रवर्द्धन र आत्मनिर्भरता बढाउने उद्देश्यले आयोजित यस तालिमले सहभागीहरूलाई बिउ उत्पादनमा दक्ष बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको छ । कार्यक्रम सफल बनाउन सहयोग गर्नुहुने सम्पूर्ण प्रशिक्षक, सहभागी र सरोकारवालाप्रति संस्था हार्दिक आभार व्यक्त गर्दछ ।



# किसान बहुउद्देश्यीय सहकारीमा भू-सेवा सम्बन्धी तालिम

**कि**सान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको केन्द्रीय कार्यालय, लम्कीमा आज मिति २०८३ जेठ २ गते, शनिबार भू-सेवा सम्बन्धी एकदिने तालिम कार्यक्रम भव्यताका साथ सम्पन्न भएको छ। संस्थाका महाप्रबन्धक श्री डम्बर बहादुर शाहज्यूको अध्यक्षतामा आयोजित उक्त तालिममा भू-सेवा संग सम्बन्धित विभिन्न प्राविधिक तथा व्यावहारिक पक्षहरूका बारेमा प्रशिक्षण दिइएको थियो । संस्थाका कर्मचारीहरूको




कार्यक्षमता अभिवृद्धि गर्दै सदस्यहरूलाई प्रदान गरिने सेवालाई थप सहज, प्रविधिमैत्री र प्रभावकारी बनाउने उद्देश्यले तालिमको आयोजना गरिएको हो ।

तालिमलाई सम्बोधन गर्दै महाप्रबन्धक शाहले आधुनिक प्रविधि र भू-सेवाका प्रक्रियाहरूलाई आत्मसात गर्दै सदस्यहरूलाई गुणस्तरीय सेवा प्रवाह गर्न कर्मचारीहरूलाई निर्देशित गर्नुभयो । सहकारीको सेवालाई समयसापेक्ष परिमार्जन गर्दै लैजान यस्ता तालिमहरू निरन्तर सञ्चालन गरिने संस्थाले जनाएको छ ।



# किसानको समृद्धि, सहकारीको पहलः बीउ प्रशोधन

किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले आफ्नो कृषि शाखा अन्तर्गत लम्कीचुहा-४, कौवापुरमा खाद्यान्न बीउ प्रशोधन गर्ने मेसिन सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरी सम्पन्न गरेको छ । संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री सुरेन्द्र कुमार शाहको अध्यक्षता तथा लम्कीचुहा-४ का वडा अध्यक्ष श्री तारा प्रसाद अधिकारीको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा संस्थाले सञ्चालनमा ल्याएको आधुनिक प्रविधि र यसका बहुआयामिक लाभका



विषयमा सरोकारवालाहरूसंग विस्तृत तथा खुला छलफल गरिएको थियो । यस आधुनिक बीउ प्रशोधन मेसिनको स्थापनाले स्थानीय कृषि क्षेत्रमा दीर्घकालीन सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ । स्थानीय स्तरमै उन्नत र प्रशोधित बीउको उपलब्धताले बालीको उत्पादन क्षमतामा उल्लेख्य वृद्धि हुनुका



साथै कृषकहरू बीउका लागि बाह्य बजारमा निर्भर रहनुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य हुनेछ । यस प्रकारको प्रविधिमैत्री पूर्वाधारले स्थानीय स्तरमा साना तथा मझौला उद्योगको आधार खडा गर्दै मेसिन सञ्चालन, प्याकेजिङ तथा बजारीकरणका माध्यमबाट स्थानीय युवाहरूका लागि थप रोजगारीका अवसरहरू सिर्जना गर्नेछ । यसले एकातिर प्रशोधित कृषि उपजले बजारमा उच्च मूल्य पाउंदा किसानको आम्दानीमा वृद्धि गराउनेछ भने अर्कोतिर स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउंदै समग्र जिल्लाको कृषि अर्थतन्त्रलाई बलियो बनाउन समेत महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

कार्यक्रममा सहभागीहरूले राखेका जिज्ञासा र रचनात्मक सुझावहरूलाई संस्थाले अत्यन्तै महत्वका साथ ग्रहण गरेको छ। कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै वक्ताहरूले प्रविधिमैत्री कृषि नै समृद्धिको वास्तविक



आधार भएको र यसले वैदेशिक रोजगारीको विकल्पमा स्वदेशमै आत्मनिर्भरताको मार्ग प्रशस्त गर्ने धारणा व्यक्त गर्नुभयो । समृद्धिका लागि समुदायसंग संगै भन्ने मूल मन्त्रलाई आत्मसाथ गर्दै संस्थाले कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणमा पुऱ्याएको योगदानको उपस्थित सबैले उच्च प्रशंसा गरेका थिए ।

कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्न सक्रिय सहभागिता जनाउनुहुने प्रमुख अतिथि, स्थानीय जनप्रतिनिधि, सेयर सदस्य, कर्मचारी वर्ग तथा सम्पूर्ण शुभचिन्तकहरूमा संस्थाले हार्दिक आभार व्यक्त गरेको छ । आगामी दिनमा समेत यस प्रकारका पारदर्शी र प्रभावकारी कार्यक्रममार्फत समुदायको सेवामा निरन्तर लागिरहने र कृषि क्षेत्रको समग्र विकासमा संस्था सधैं अग्रसर रहने प्रतिबद्धतासहित कार्यक्रम समापन गरिएको थियो ।

## स्वागत तथा शुभकामना कार्यक्रम

किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको केन्द्रीय कार्यालय, लम्कीमा संघीय संसदका माननीय सांसदज्यूहरू तथा विशिष्ट पदाधिकारीहरूको टोलीले अवलोकन भ्रमण सम्पन्न गरेको छ। यस भ्रमणले




संस्थाको संस्थागत विकास, पारदर्शिता र सुशासनको यात्रामा एक महत्वपूर्ण आयाम थपेको छ । भ्रमणका क्रममा आयोजित विशेष अन्तरक्रिया कार्यक्रममा संस्थाका अध्यक्ष, महाप्रबन्धक र उच्च व्यवस्थापन पक्षसाग सहकारीका वर्तमान गतिविधि, यसले ग्रामीण अर्थतन्त्रमा पारेको सकारात्मक प्रभाव तथा संस्थाले अवलम्बन गरेका प्रविधिमैत्री सेवाहरूका बारेमा विस्तृत छलफल भयो । माननीय

सांसदज्यूहरूले सहकारी अभियानमार्फत स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न संस्थाले खेलेको भूमिकाको उच्च प्रशंसा गर्नुभयो । साथै, संस्थाको कार्यशैली र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने सन्दर्भमा उहांहरूले बहुमूल्य सुझाव तथा मार्गदर्शन समेत प्रदान गर्नुभएको छ । संस्थाका तर्फबाट अध्यक्ष र महाप्रबन्धकले नीतिगत तहबाट सहकारी क्षेत्रलाई प्राप्त हुनुपर्ने सहयोग र सहकार्यका बारेमा आफ्ना धारणा राख्दै, सहकारीको साख उच्च राख्न संस्था सदैव प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो । यस्ता उच्चस्तरीय भेटघाट र सकारात्मक संवादले सहकारीको व्यावसायिक योजनालाई थप ऊर्जा प्रदान गर्नुका साथै जनप्रतिनिधि र सहकारीबीचको सम्बन्धलाई थप सुदृढ बनाउन मद्दत पुऱ्याएको छ ।



यस गरिमामय उपस्थिति, अमूल्य सुझाव र हार्दिक शुभकामनाका लागि माननीयज्यूहरू तथा सम्पूर्ण पदाधिकारीहरूप्रति किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले हार्दिक आभार व्यक्त गर्दछ । समृद्धिका लागि समुदायसंग संगै भन्ने मूल मन्त्रलाई आत्मसाथ गर्दै आगामी दिनमा पनि यस्तै सहकार्यका साथ अगाडि बढ्ने संस्थाले प्रतिबद्धता व्यक्त गरेको छ ।



# नव-निर्वाचित माननीयज्यूहरूको स्वागत तथा सम्मान

किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको आयोजनामा सुदूरपश्चिम प्रदेशको कैलाली क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित माननीय श्री केपी खनाल (प्रत्यक्ष) र माननीय श्री प्रेम बहादुर वयक (समानुपातिक) को सम्मानमा भव्य बधाई, शुभकामना तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। संस्थाका अध्यक्ष श्री सुरेन्द्र कुमार शाहको सभाध्यक्षतामा आयोजित उक्त विशेष कार्यक्रममा सञ्चालक समितिका पदाधिकारीहरू, महाप्रबन्धक, विभागीय प्रमुखहरू, कर्मचारी वर्ग, स्थानीय पत्रकार तथा विभिन्न प्रतिष्ठित व्यक्तित्वहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। यस महत्त्वपूर्ण अवसरमा नवनिर्वाचित माननीयज्यूहरूलाई संस्थाका तर्फबाट हार्दिक बधाई ज्ञापन गर्दै उहांहरूको आगामी कार्यकालको पूर्ण सफलताको कामना गरियो।




कार्यक्रमको मुख्य आकर्षणका रूपमा रहेको अन्तरक्रिया सत्रमा सहकारी क्षेत्रले स्थानीय अर्थतन्त्रको विकास, रोजगारीको सिर्जना र सामाजिक रूपान्तरणमा पुऱ्याएको योगदानका बारेमा विशेष छलफल भएको थियो। यस क्रममा नवनिर्वाचित माननीयज्यूहरूले सहकारीको मर्म र यसका समस्याहरूलाई नीति निर्माण तहमा प्राथमिकताका साथ उठाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। साथै, सहकारीका सञ्चालक तथा प्रतिनिधिहरूले सहकारी ऐनमा देखिएका जटिलता र जनसरोकारका मुद्दाहरूको सम्बोधनका लागि नीतिगत सहजीकरण गरिदिन जनप्रतिनिधिहरूसंग आग्रह गरेका थिए। यस प्रकारको रचनात्मक संवादले संस्था र जनप्रतिनिधिबीचको सम्बन्धलाई थप प्रगाढ बनाउनुका साथै स्थानीय विकासको साझा लक्ष्य प्राप्तिका लागि सहकार्यको नयां ढोका खोलेको छ। कार्यक्रमले संस्थाको गरिमालाई उच्च राख्दै आगामी दिनमा सहकारीको माध्यमबाट सदस्यहरूको जीवनस्तर उकास्ने र समुदायको हितमा अझ बढी सक्रिय भएर लाग्ने सामूहिक संकल्पसहित भव्यताका साथ सम्पन्न भएको छ।



# सहकारीको पहलमा वातावरणमैत्री नमुना गाउं

डडेल्धुरा जिल्लाको आलीताल गाउंपालिका वडा नं. ८ स्थित डोलागाउंलाई आगामी दुई वर्षभित्र पूर्ण रूपमा वातावरणमैत्री नमुना गाउ का रूपमा विकास गरिने कार्यको सुरुवात भएको छ । किसान बहुउद्देश्यीय सहकारी संस्थाले स्थानीय सरकार र गाउंवासीसंग सहकार्य गरी यो अभियान सुरु गरेको हो । प्रकृतिमै रमाऔं, प्रकृतिमै कमाऔं, वातावरणमैत्री डोलागाउं मिलेर बनाऔं भन्ने नाराका साथ सुरु गरिएको यस कार्यक्रमका लागि प्रारम्भिक घरधुरी सर्वेक्षण सम्पन्न भइसकेको छ । १६५ घरधुरी रहेको यस गाउंलाई नमुना बनाउन संस्थाले सुदूरपश्चिम प्रदेश सरकार र आलीताल गाउंपालिकासंग सम्झौता समेत गरिसकेको छ ।




## निःशुल्क कफी बेर्ना वितरण र व्यावसायिक तालिम

अभियानकै कार्यक्रम स्वरूप संस्थाले डोलागाउंका स्थानीयलाई व्यावसायिक कफी उत्पादनसम्बन्धी व्यावहारिक तालिम प्रदान समेत गरेको थियो । राष्ट्रिय चिया तथा कफी विकास बोर्डको प्राविधिक सहकार्यमा डोलागाउंमा कफी खेतीको सम्भाव्यता अध्ययन र तालिमपश्चात् शुक्रबार आयोजित एक कार्यक्रमका बीच प्रस्तावित नमुना गाउंका सदस्यहरूलाई कफीका बेर्नाहरू वितरण गरिएको छ । बेर्ना वितरण कार्यक्रममा बोल्दै आलीताल गाउंपालिकाका अध्यक्ष शेरसिंह पार्की र उपाध्यक्ष मैनाकुमारी रावलले सहकारी संस्थाको यस उदाहरणीय कार्यको प्रशंसा गरे । उनीले वातावरणमैत्री गाउं विकासका लागि स्थानीय सरकारको तर्फबाट पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गरे ।

सम्झौता अनुसार वातावरणमैत्री गाउं विकासका लागि आवश्यक भौतिक पूर्वाधार निर्माणमा आलीताल गाउंपालिकाले बजेट विनियोजन गर्नेछ । यस्तै, सहकारी संस्थाले हरित कर्जा मार्फत कृषि तथा वातावरणमैत्री उद्यमशीलता प्रवर्द्धन गर्ने योजना अघि सारेको छ ।

संस्थाले स्थानीय उत्पादनको बजारीकरण, नमुना गाउंका सदस्यहरूलाई सहकारीको सेवा उपभोगमा विशेष अनुदान, कार्बन उत्सर्जन न्यूनीकरणका उपाय र सरसफाइ सामग्री तथा उपकरणहरू वितरण गर्नेछ । यसका साथै वृक्षारोपण, प्राकृतिक स्रोत संरक्षणमा स्थानीयको क्षमता अभिवृद्धि, र शून्य प्रदूषण, शून्य फोहोर सम्बन्धी तालिम एवं सामुदायिक सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गरिने संस्थाले जनाएको छ ।

संस्थाका अनुगमन विभाग प्रमुख प्रकाश जिसीको अध्यक्षतामा सम्पन्न बेर्ना वितरण कार्यक्रममा नेपाल पत्रकार महासंघ डडेल्धुरा शाखाका कोषाध्यक्ष भक्तबहादुर गाहा, स्थानीय समाजसेवी रामचन्द्र पुन, संस्थाका सदस्य तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो ।










## श्री सरस्वती माध्यमिक विद्यालयमा 3 Zero Club गठन

कैलाली, लम्कीचुहा-४, कौवापुर ,3Z Organization को सहयोग तथा किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड को समन्वयमा श्री सरस्वती माध्यमिक विद्यालय, कौवापुरमा तीन शुन्य क्लब गठन गरिएको छ ।

विद्यार्थीहरूमा आत्मविकास, अध्ययनप्रति जिम्मेवारी, उद्यमशीलता तथा सामाजिक नेतृत्वको भावना विकास गर्ने उद्देश्यले गठन गरिएको क्लबमा विद्यालयका ४५ जना विद्यार्थी सदस्यका रूपमा आबद्ध भएका छन् । क्लबले शून्य गरिबी (Zero Poverty), शून्य नेट कार्बन उत्सर्जन (Zero Net Carbon Emission) र शून्य बेरोजगारी (Zero Unemployment)










को अवधारणालाई व्यवहारमा उतार्दै विद्यार्थीहरूलाई सकारात्मक परिवर्तनका वाहकका रूपमा विकास गर्ने लक्ष्य लिएको छ। यसमार्फत विद्यार्थीहरूलाई आत्मनिर्भर, सिर्जनशील तथा उद्यमशील बनाउन विभिन्न क्षमता विकास, नेतृत्व विकास र सामाजिक उत्तरदायित्वसम्बन्धी कार्यक्रम सञ्चालन गरिने जनाइएको छ । आयोजकका अनुसार 3 Zero Club ले विद्यालय र समुदायमा दिगो विकास तथा सामाजिक रूपान्तरणका अभियानलाई थप प्रभावकारी बनाउंदै विश्वव्यापी 3 Zero Movement लाई स्थानीय तहबाट सशक्त रूपमा अघि बढाउने विश्वास लिइएको छ ।

## Three Zero Club द्वारा विद्यालय परिसरमा वृक्षारोपण कार्यक्रम सम्पन्न

कौवापुर, असार २६ श्री सरस्वती माध्यमिक विद्यालय, कौवापुरस्थित 3 Zero Club को आयोजनामा विद्यालय परिसरमा वृक्षारोपण कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ । विद्यार्थीहरूमा वातावरण



संरक्षणप्रतिको चेतना अभिवृद्धि गर्ने, हरियाली प्रवर्द्धन गर्ने तथा वृक्षप्रति जिम्मेवारीबोध विकास गर्ने उद्देश्यले आयोजित कार्यक्रममा विद्यालयका शिक्षक तथा 3 Zero Club का विद्यार्थीहरूको उत्साहजनक सहभागिता रहेको थियो । कार्यक्रमका क्रममा सहभागीहरूले विद्यालय परिसरमा विभिन्न



प्रजातिका बोटबिरुवा रोपेका थिए । साथै, रोपिएका बिरुवाको नियमित संरक्षण, स्याहार–सम्भार र हेरचाह गर्ने प्रतिबद्धता पनि व्यक्त गरेका छन् । उक्त अवसरमा शिक्षकहरूले वृक्षारोपणको महत्व, वातावरणीय सन्तुलन कायम राख्न रूखबिरुवाको भूमिका तथा जलवायु परिवर्तन न्यूनीकरणमा हरित वातावरणको योगदानबारे जानकारी गराउनुभएको थियो । उहांहरूले प्रकृति संरक्षणमा विद्यार्थीहरूको सक्रिय सहभागिताले वातावरणमैत्री समाज निर्माणमा सकारात्मक योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो । विद्यार्थीहरूले उत्साहपूर्वक वृक्षारोपण गर्दै विद्यालय परिसरलाई अझ हराभरा, स्वच्छ र वातावरणमैत्री बनाउने अभियानमा सक्रिय भूमिका निर्वाह गरेका थिए ।

कार्यक्रमको अन्त्यमा आयोजक 3 Zero Club ले वातावरण संरक्षणसम्बन्धी यस्ता सचेतनामूलक तथा सिर्जनात्मक कार्यक्रमहरू आगामी दिनमा पनि निरन्तर सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।








कथाहरु

# अनलाइन मार्फत कमाई रहेकी कश्मिर




उनी हुन् कैलाली जिल्ला धनगढी उप–महानगरपालिका वडा नं. १ पुष्पलालचोकको कश्मिर साउद आज धेरै महिलाहरूका लागि एक प्रेरणाको स्रोत बन्नुभएको छ । कुनै समय श्रीमानको कमाइमा निर्भर रहनुपर्ने र समाजमा आफ्नै पहिचान बनाउन संघर्षरत उहां, आज एक सफल उद्यमीको रूपमा स्थापित हुनुभएको छ । आज सफलताको शिखरमा रहेकी कश्मिरको विगत भने त्यति सहज थिएन । श्रीमान वैदेशिक रोजगारीमा हुनुहुन्थ्यो, तर घरखर्चका लागि समेत उहााले प्रत्येक महिना श्रीमानसंग पैसा माग्नुपर्ने बाध्यता थियो । बेरोजगार हुंदा आम्दानीको स्रोत थिएन, जसका कारण समाजमा हेला हुन्थ्यो र कसैले पत्याउँदैनथे, कश्मिर आफ्नै विगत सम्झिंदै भन्नुहुन्छ । आर्थिक पराधीनताले उहांलाई भित्रैदेखि पिरोल्थ्यो र केही न केही गर्ने दृढ संकल्प उहांमा पलायो ।

२०७२ मंसिर २२ गते किसान बहुउद्देश्यीय सहकारी संस्था (**धनगढी शाखा**) मा आबद्ध भएपछि उहांको जीवनले नयां मोड लियो । संस्थाबाट ऋण सहयोग लिएर उहांले ५ लाख रुपैयााको लगानीमा कपडा पसल र अचार व्यवसाय सुरु गर्नुभयो । विगत ४ वर्षदेखि निरन्तर रूपमा यो व्यवसायलाई अगाडि बढाइरहनुभएको छ । व्यवसाय विस्तारको क्रममा कहिलेकाहीं श्रीमानबाट पनि आर्थिक साथ मिल्ने गरेको छ ।




आज कश्मिरको मेहनतले परिवारको आर्थिक अवस्थामा कायापलट ल्याएको छ। उहांको व्यवसायबाट वार्षिक न्यूनतम ९ लाख ४० हजार रुपैयां आम्दानी हुने गरेको छ भने उहांले वार्षिक २ लाख रुपैयाा सजिलै बचत गर्दै आउनुभएको छ। आफ्नै सफलताका बारेमा उहां भन्नुहुन्छ, पहिले श्रीमानसाग पैसा माग्नुपर्ने अवस्था थियो, अहिले आफ्नै कमाइ छ। छोरालाई राम्रो विद्यालयमा पढाउन सकेकी छु, सहकारीको किस्ता तिर्न कुनै समस्या छैन र परिवारको आर्थिक स्थिति पहिलेको भन्दा निकै सुदृढ भएको छ। आफ्नै छोरा, सासु-ससुरा र श्रीमानसंगको खुसीको संसारमा उहां आज गर्वका साथ बााचिरहनुभएको छ । एउटा सानो पसलबाट सुरु भएको उहांको यात्रा अब फराकिलो बन्दैछ। म यो व्यवसायलाई अझ ठुलो बनाउन चाहन्छु र जुनसुकै स्थानमा पनि होम डेलिभरीको व्यवस्था मिलाउने मेरो योजना छ, कश्मिर आफ्नो भावी लक्ष्य सुनाउनुहुन्छ। आफ्नो यस यात्रालाई थप उचाइमा पुर्‍याउन उहांले संस्थाबाट थप चालुपुाजी कर्जा, सस्तो ब्याजदर र व्यावसायिक तालिमको अपेक्षा राख्नुभएको छ।

# चुहिने छानाबाट समृद्धिको यात्रासम्म : सहकारीको भरोसाले सम्भव बनेको सफलता

कञ्चनपुर जिल्लाको बेदकोट नगरपालिका–४, बगुन निवासी श्रीमती कमला भट्ट २०७८ साल पुस २८ गते किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको दैजी शाखामा सदस्यको रूपमा आबद्ध हुनुभयो। आज उहां आफ्नो परिवारको आर्थिक मेरुदण्ड बन्न सफल हुनुभएको छ। तर यो सफलता सहजै प्राप्त भएको भने होइन।

उद्यम सुरु गर्नुभन्दा पहिले उहांको परिवारको आर्थिक अवस्था निकै कमजोर थियो। चुहिने छानो भएको सानो घरमा बस्नुपर्ने अवस्था थियो। नियमित आम्दानीको स्रोत नहुंदा छोरीको विद्यालय शुल्क तिर्न समेत कठिनाइ हुन्थ्यो। बेरोजगारीका कारण परिवार आर्थिक संकटमा थियो भने समाजमा पनि अपेक्षित सम्मान पाउन सकिएको थिएन। भविष्यप्रति अन्योल र निराशा बढ्दै गएको थियो।




यही कठिन परिस्थितिबीच किसान बहुउद्देश्यीय सहकारी संस्थाको दैजी शाखासंग जोडिएपछि उहांको जीवनमा सकारात्मक परिवर्तनको सुरुवात भयो। संस्थाबाट विभिन्न पटक पटक गरी उनीले प्राप्त रु. ३ लाख ऋणलाई सही ढंगले सदुपयोग गर्दै उहांले किराना तथा खुद्रा पसल सञ्चालन गर्नुभयो। करिब ६ वर्षदेखि निरन्तर मेहनत, लगनशीलता र इमानदारीका साथ व्यवसाय सञ्चालन गर्दै आउनुभएको छ। यस यात्रामा उहांको परिवारको साथ पनि निकै महत्वपूर्ण रह्यो। श्रीमान् पुष्पराज भट्टले पसलका सामान ओसारपसार तथा व्यवस्थापनमा सहयोग गर्नुभयो। छोरीले फुर्सदको समयमा पसलमा सघाउने गरेकी छिन् भने सासुले घरधन्दा सम्हालिदिंदा कमला भट्टलाई व्यवसायमा पूर्ण ध्यान दिन सहज भएको छ। परिवारको यही एकताले व्यवसायलाई थप मजबुत बनाएको छ।आज उहांको व्यवसायबाट वार्षिक न्यूनतम रु. ४ लाख आम्दानी हुने गरेको छ भने वार्षिक करिब रु. २ लाख बचत गर्न सफल हुनुभएको छ। पहिले चुहिने घरमा बस्ने परिवारले अहिले पक्की घर निर्माण गरेको छ। छोरीलाई राम्रो विद्यालयमा अध्ययन गराउन सकिएको छ, नियमित बचत गर्ने बानीको विकास भएको छ र सहकारीबाट लिएको ऋणको किस्ता पनि समयमै तिर्न कुनै समस्या छैन। व्यवसायबाट प्राप्त आम्दानीले परिवारको आर्थिक अवस्था मात्र होइन, सामाजिक प्रतिष्ठा पनि उल्लेखनीय रूपमा बढाएको छ।

हाल उहांको लक्ष्य किराना पसललाई अझ विस्तार गरी थोक बिक्री केन्द्रको रूपमा विकास गर्ने, साथै मासु कटिङ तथा फलफूल बिक्री जस्ता थप व्यवसाय सञ्चालन गर्ने रहेको छ। यसका लागि आवश्यक सीप र ज्ञान हासिल गर्न उहांले सहकारी संस्थाबाट सीपमूलक तालिम तथा च्याउ खेती सम्बन्धी तालिम उपलब्ध गराइदिन आग्रह गर्नुभएको छ। कमला भट्टको यो सफलता कथा केवल व्यक्तिगत उपलब्धि मात्र होइन, सही समयमा प्राप्त सहकारीको वित्तीय सहयोग, परिवारको साथ, निरन्तर मेहनत र आत्मविश्वासको उत्कृष्ट उदाहरण हो। किसान बहुउद्देश्यीय सहकारी संस्थाले प्रदान गरेको वित्तीय पहुंचले उहांलाई आत्मनिर्भर बनाउंदै आर्थिक तथा सामाजिक रूपमा सशक्त बनाएको छ। आज उहां अन्य महिलाहरूका लागि पनि प्रेरणाको स्रोत बन्नुभएको छ।

> सहकारीको साथ, परिवारको विश्वास र आफ्नै मेहनतले असम्भव जस्तो देखिएको सपना पनि सम्भव बन्न सक्छ भन्ने उत्कृष्ट उदाहरण हुनुहुन्छ – कमला भट्ट









# सङ्घर्षबाट सफलताको शिखरमाः सुष्मा डगौरा चौधरीका

कैलाली जिल्लाको गोदावरी नगरपालिका वडा नं. ८, मजगाउंकी सुष्मा डगौरा चौधरीको जीवन एक सफल उद्यमीको रूपमा अगाडि बढेको छ । आजभन्दा १२ वर्ष अगाडि उनको आर्थिक अवस्था निकै कमजोर थियो । एउटा सानो कच्ची घरमा बस्ने सुष्माको परिवारमा श्रीमान् र देवरको अध्ययनको खर्च जुटाउन र छोरीको पढाइका लागि आवश्यक आर्थिक स्रोतको अभाव थियो। सासु-ससुरा कृषि कार्यमा संलग्न भए पनि परिवारको आर्थिक पाटो निकै नाजुक थियो ।



यस्तो प्रतिकूल परिस्थितिमा पनि हार नमान्ने अठोटका साथ सुष्माले २०७३ साल फागुन ६ गते किसान बहुउद्देश्यीय सहकारी संस्थाको अत्तरिया शाखामा आबद्ध भइन् । सहकारीबाट प्राप्त ७०,००० रुपैयाा ऋणलाई पुंजी बनाउंदै उनले आफ्नो १० कठ्ठा जग्गामा तरकारी खेती र कुखुरा फार्म सुरु गरिन् ।



उद्यममा उनको परिवारको पूर्ण साथ र सहयोग रह्यो । उनका श्रीमानले तरकारीहरू बजारमा थोकमा पुऱ्याउने र खेतीको व्यवस्थापन तथा रेखदेखमा सहयोग गरे । त्यस्तै, सासु-ससुराले घरधन्दामा र देवरले पनि काममा सघाउन थालेपछि उनको व्यवसायले गति लियो ।

बाह्र वर्षको कडा परिश्रमको फलस्वरुप आज सुष्माको जीवनमा धेरै सकारात्मक परिवर्तन आएको छ । उनको वार्षिक आम्दानी न्यूनतम १० लाख पुगेको छ भने वार्षिक ६ लाख रुपैयां बचत गर्न सफल भएकी छिन् । पहिलेको त्यो सानो कच्ची घर अहिले पक्की घरमा परिणत भएको छ । छोरीलाई राम्रो विद्यालयमा भर्ना गर्न पाएकी छिन् र सहकारीबाट लिएको कर्जाको किस्ता तिर्न उनलाई कुनै समस्या छैन। उनको आफ्नै व्यवसायबाट हुने आम्दानी अहिले परिवारको लागि पर्याप्त बनेको छ ।

अहिले सुष्मा थप योजनाका साथ अगाडि बढ्दै छिन् । उनले आफ्नो १० कठ्ठा जग्गामा तरकारी खेतीका लागि टनेल थप गर्ने र कुखुरा फार्मलाई ठूलो बनाई अण्डा र कुखुरा बिक्रीको परिमाण बढाउने लक्ष्य राखेकी छिन् । साथै, उनले सहकारीबाट कृषि सम्बन्धी नयां सीपमूलक तालिम र कम ब्याजदरमा थप कर्जाको अपेक्षा गरेकी छिन् ।

## श्रद्धाञ्जली तथा राहत रकम हस्तान्तरण

मिति २०८३/०३/०४ गते किसान बहुउद्देश्यीय सहकारी संस्था लि., लम्की शाखाद्वारा शेयर सदस्य शोभा देबि बडुवालका श्रीमान् स्व. केशर सिंह बडुवालको दु:खद निधनप्रति श्रद्धाञ्जली सभा सम्पन्न भयो । संस्थाका तालिम विभाग प्रमुख नारायण चौधरीको अध्यक्षता तथा वडा नं. १ का अध्यक्ष नेत्र प्रसाद खनालको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा मृतकको परिवारलाई संस्थाको तर्फबाट रु. ८,१४,७७३/- राहत स्वरूप हस्तान्तरण गरियो। साथै, स्व. बडुवालको स्मृतिमा एक लिचीको बिरुवा समेत प्रदान गरिएको छ ।





## नारायणपुर शाखाः श्रद्धाञ्जली सभा तथा सुविधा वितरण

किसान बहुउद्देश्यीय सहकारी संस्था लि., नारायणपुर शाखा अन्तर्गत केन्द्र नं. ०१५०१३३३०५०८ की सदस्य तारा दमाई का श्रीमान् स्व. लेख बहादुर दमाई को निधनप्रति श्रद्धाञ्जली अर्पण गर्दै संस्थाद्वारा सुविधा वितरण कार्यक्रम सम्पन्न भयो ।

सुपरिवेक्षण विभाग प्रमुख प्रकाश कुमार जी.सी. को अध्यक्षता तथा वडा नं. ८ का अध्यक्ष दीर्घ ठकुल्ला को प्रमुख आतिथ्यतामा आयोजित उक्त कार्यक्रममा विशिष्ट अतिथिमा सामुदायिक रेडियो टिकापुर एफ.एम.का स्टेसन म्यानेजर एकिन्द्र तिमिल्सिना रहनुभएको थियो । शाखा प्रमुख नवराज देवकोटा ले सहजीकरण गर्नुभएको उक्त कार्यक्रममा मृतकको परिवारलाई कर्जा मिनाहा तथा काजकिरिया खर्च बापत रु. ८,४३,८९०/- हस्तान्तरण गरियो ।





# सहजपुर शाखाः श्रद्धाञ्जली सभा तथा सुविधा वितरण

किसान बहुउद्देशीय सहकारी संस्था लि., सहजपुर शाखाद्वारा चुरे गाउंपालिका वडा नं. १, ग्वानी निवासी स्व. शेयर सदस्य ठगनि देवि क्षेडाल को स्मृतिमा श्रद्धाञ्जली सभा तथा सुविधा वितरण कार्यक्रम सम्पन्न भएको छ ।




कार्यक्रममा चुरे गाउंपालिका वडा नं. १ का वडा अध्यक्ष डम्बर बहादुर सिंह को प्रमुख आतिथ्यतामा मृतकका बुहारी पार्वती साउद लाई संस्थाको तर्फबाट सुविधा बापत रु. ५,९०,५८६/- को चेक हस्तान्तरण गरियो । कार्यक्रममा बोल्दै वडा अध्यक्ष सिङले सहकारीको जन्मदेखि मृत्युसम्मको सेवा भाव र सदस्यको दुःखमा मलम लगाउने कार्यको प्रशंसा गर्नुभयो ।

शाखा प्रमुख दिनेशराज न्यौपाने ले सदस्यको आर्थिक दायित्व परिवारमा नपरोस् भन्ने उद्देश्यले संस्थाले यस्ता सुविधा उपलब्ध गराउंदै आएको बताउनुभयो । हाल संस्थामा ९४ हजार शेयर सदस्य पुगिसकेको




जानकारी दिंदै उहांले सदस्यको सुख-दुःखको साथी बन्न संस्था प्रतिबद्ध रहेको बताउनुभयो । कार्यक्रमको सञ्चालन सहजपुर शाखाका कर्मचारी भरत कठायत ले गर्नुभएको थियो ।

## लम्की शाखाः श्रद्धाञ्जली सभा तथा सुविधा वितरण

किसान बहुउद्देश्यीय सहकारी संस्था लि., लम्की शाखाद्वारा शेयर सदस्य स्व. विष्णा कामी (स.नं. ००३०००६७०४०४) को असामयिक निधनप्रति श्रद्धाञ्जली अर्पण गर्दै सुविधा वितरण कार्यक्रम सम्पन्न भएको छ ।





संस्थाका अनुगमन विभाग प्रमुख प्रकाश कुमार जि.सी. को अध्यक्षता तथा वडा नं. ४ का वडा सदस्य खडक राज भाट को प्रमुख आतिथ्यतामा आयोजित उक्त कार्यक्रममा मृतकको परिवारलाई संस्थाको तर्फबाट सुविधा बापत रु. ५,८८,७२४/- को चेक हस्तान्तरण गरियो । साथै, स्व. कामीको स्मृतिमा एक थान लिचीको बिरुवा समेत प्रदान गरिएको छ। कार्यक्रममा शाखा प्रमुख कमल ब. कोली को उपस्थिति रहेको थियो ।

## बौनिया शाखाः श्रद्धाञ्जली सभा तथा सुविधा वितरण




किसान बहुउद्देश्यीय सहकारी संस्था लि., बौनिया शाखाले आफ्ना शेयर सदस्य बिमला कुमारी बुचामगरका स्व. श्रीमान् भक्त बहादुर मौनीको असामयिक निधनप्रति श्रद्धाञ्जली अर्पण गर्दै सदस्य सुरक्षण कोष बाट रु. ५,०९,४७२/- को चेक हस्तान्तरण गरेको छ । जोशिपुर-७ का वडा अध्यक्ष श्री बम बहादुर शाहको प्रमुख आतिथ्य र संस्थाका तालिम विभाग प्रमुख श्री नारायण चौधरीको सभापतित्वमा आयोजित कार्यक्रममा स्थानीय समाजसेवी तथा सदस्यहरूको उपस्थिति रहेको थियो। अप्ठ्यारो समयमा संस्थाले गरेको यस सहयोगको उपस्थित सबैले प्रशंसा गरेका थिए ।



# किसान बहुउद्देश्यीय सहकारीद्वारा मृतक परिवारलाई राहत सुबिधा



किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, लम्की शाखाले आफ्ना शेयर सदस्य श्रीमती सरस्वती दमाईका स्व. श्रीमान् प्रकाश दमाईको असामयिक निधनप्रति श्रद्धाञ्जली अर्पण गर्दै परिवारलाई आर्थिक सहयोग प्रदान गरेको छ ।

आज मिति २०८३/०१/२३ गते आयोजित श्रद्धाञ्जली सभा तथा सुविधा वितरण कार्यक्रममा संस्थाको सदस्य सुरक्षण कोष बाट रु. ५,६०,०६२/- को चेक हस्तान्तरण गरिएको छ । साथै, स्व. प्रकाश दमाईको स्मृतिमा उहांको परिवारलाई एक लिचीको बिरुवा पनि प्रदान गरिएको छ । संस्थाका अनुपालन विभाग प्रमुख श्री दिपक राज ढुंगानाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा लम्की चुहा नगरपालिका वडा नं. ५ की वडा अध्यक्ष श्रीमती माया बिष्ट प्रमुख अतिथि रहनुभएको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि बिष्टले सहकारीले सदस्यको दुःखमा देखाएको यस किसिमको साथ र सहयोग निकै अनुकरणीय रहेको बताउनुभयो । सभाध्यक्ष श्री ढुंगानाले संस्था सदैव आफ्ना सदस्यहरूको सुख–दुःखको सारथी रहेको उल्लेख गर्दै मृतकको आत्माको चिर शान्तिको कामना गर्नुभयो ।





Client Protection Certified
the smart campaign
Awarded April 2021
सदस्य सुरक्षण योजना
सुत्केरी स्याहार खर्च
पहिलो तथा दोस्रो बच्चामा मात्र उपलब्ध गराइने
रू. १,५००/-
किसान-कोप शिक्षा पदक
SEE मा उत्कृष्ट विद्यार्थीलाई छात्रवृत्ति प्रति शाखा २-२ जनालाई
रू. ५,०००/-
MBBS अध्ययन गर्ने विद्यार्थीलाई प्रोत्साहन खर्च उपलब्ध गराईने ।
रू. १०,०००/-
प्राकृतिक प्रकोप राहत
बाढी पहिरोबाट विस्थापित, आगलागी, भुकम्प र चट्याङ्गबाट क्षति भएमा राहत उपलब्ध गराईने ।
रू. ५,०००/-
उपचार खर्च
जटिल शल्यक्रिया गर्नुपरेमा
रू. १५,०००/-
घातक रोग लागेमा रू. १५,०००/- सम्म उपचार खर्च ।
अंग प्रत्यारोपन गर्नु परेमा
रू. ५०,०००/-
सम्म उपचार खर्च ।
फरक क्षमता/एकल महिला राहत कार्यक्रम
एकल महिला/अपाङ्ग सदस्यलाई मौसमी कर्जा ब्याजमा
१ %
छुट ।
काजक्रिया खर्च
शेयर सदस्यको मृत्युमा रू. २५,०००/- सम्म काजक्रिया सुविधा ।
श्रीमानको मृत्युमा काजक्रिया सुविधा ।
रू. ८,०००/-
कर्जा मुक्ति योजना
सदस्यको मृत्युमा कर्जाबराबर सुविधा ।
सदस्यको दुर्घटना भई मृत्यु भएमा २00%
काजक्रिया खर्च ४0%
श्रीमानको मृत्यु भएमा कर्जा बराबर सुविधा ।
उमेर हद ६९ वर्ष ।
समुदायका लागि किसान-कोप
समुदाय र सामाजिक कार्यमा किसान-कोपको सहकार्य ।
जन्मदेखि मरणोपरान्त सम्म
किसान-कोप
20 52
kisan-coop
किसान-कोप
KISAN-COOP
Agro Business
KISAN-COOP
MART
16609117333
/Kisan-Coop
/Kisan-Coop
info@kisancoop.com
www.kisancoop.com
YouTube /kisancoop